Regd. No. 146570/072/073

# UNION HYDROPOWER LIMITED

Lalitpur-3, Dhobighat, Phone No.: 01-5425406
Email: unionhppl@gmail.com, Website : www.unionhydropower.com.np

च.न : ८०/२०८०/००८१ मिति : २०८०/०९/२९

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : जानकारी सम्बन्धमा ।**

महोदय

उपरोक्त सम्वन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८०/०९/०७ को निर्णय बमोजिम कम्पनीको सत्रौं (आ.व. २०७९/२०८०) वार्षिक साधारण सभा आज मिति २०७९/०९/२९ (तदनुसार जनवरी १४, २०२४) का दिन सिदार्थ कटेज ललितपुर ३, धोबिघाटमा प्रत्यक्ष तथा विधुतिय माध्यम Virtua (Zoom App) मार्फत सभा सम्पन्न भएको कुरा जानकारीको लागि अनुरोध छ । संचालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात,नाफा नोक्सान हिसाब र नगद प्रवाह लगाएतका वित्तिय विवरणहरु सहितको आर्थिक विवरण साधारण सभाबाट सर्वसम्मतिबाट पारित भएको कुरा जानकारीको लागि अनुरोध छ । साथै आ.व.२०८०/०८१ को लेखापरिक्षणको लागि श्री युवराज एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्त गरियोस भनि संचालक समितिको तर्फबाट पेश भएको प्रस्ताव समेत साधरण सभाबाट सर्व-सम्मत रुपमा पारित भएको कुरा जानकारीको लागि अनुरोध छ । साथै संचालक तारानाथ सापकोटाज्यूले कार्य व्यस्तताका कारण कम्पनीमा रही कार्य गर्न असमर्थ रहेको भनी राजिनामा दिनुभएको र उहाँको राजिनामा स्वीकृती गरी नयाँ संचालक श्री गोविन्द आत्रेयलाई बाँकी कार्यकालका लागी सर्वसम्वत रुपमा नियुक्ती गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यस सत्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपी यसै पत्र साथ संलग्न गरि पठाएको व्योहरा समेत जानकारीको लागी अनुरोध छ ।

भवदिय,

UNION HYDROPOWER LIMITED
Lalitpur

हरि वंश भण्डारी
कम्पनी सचिव

बोधार्थ :

१. श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरबार प्लाजा ,काठमाण्डौ ।

# युनियन हाइड्रोपावर कम्पनी लिमिटेड

**बिक्रम सम्बत २०८० साल पौष २९ गते आइतवारका दिन**
**सिद्धार्थ कटेज, धोविघाट,ललितपुरमा सम्पन्न भएको**
**सत्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।**

१. **पृष्ठभूमी**

युनियन हाइड्रोपावर लिमिटेड कम्पनीको सत्रौ वार्षिक साधारण सभा मिति २०८०/०९/२९ गते तद्अनुसार जनवरी १४, २०२४ का दिन सिदार्थ कटेज, धोविघाट, ललितपुरंमा सम्पन्न भएको थियो । भौतिक तथा प्रविधिको उपयोग गदै बिद्युतिय माध्यम Virtual Zoom द्वारा शेयरधनी महानुभावले साधारण सभामा भाग लिंदा बिद्युतिय माध्यम Virtual Zoom Application तथा भौतिक माध्यमबाट साधारण सभामा भाग लिन सकिने ब्यवस्था गरी शेयरधनीहरुलाई सोही अनुसार सभामा भाग लिइदिन अनुरोध समेत गरिएको थियो । सञ्चालक समितिका सदस्यहरु कम्पनीको कार्यालयमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो । कम्पनी सचिवले साधारण सभामा सहभागि हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, संचालक सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतिय माध्यमद्वारा सहभागि भएका शेयरधनीहरुलाई यथा स्थानमा आसन ग्रहण गर्न अनुरोध गरिएको थियो । साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी समापन भएको थियो ।

**(क) सभाको सूचना तथा प्रकाशन :**

(अ) सत्रौ वार्षिक साधारण सभाको सूचना, २०८० साल असार मसान्त सम्मको वासलात,नाफा/( नोक्सान) हिसाब र नगद प्रवाह बिवरण सहितको वार्षिक लेखा परिक्षण प्रतिवेदन कम्पनीको वेभ साइट www.unionhydropower.com.np मा राखिएको बारेमा सबै शेयरधनि महानुभावलाई जानकारी गराइएको थियो ।

(आ) सत्रौ वार्षिक साधारण सभाको सूचना मिति २०८०/०९/०८ मा प्रथम पटक तथा मिति २०८०/०९/१३ मा दोस्रो पटक आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

**(ख) उपस्थिति :**

**(अ) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री रामजी प्रसाद कोइराला | अध्यक्ष |
| श्री अभिज्ञा मल्ल | प्रबन्ध संचालक, |
| डा.श्री विष्णु प्रसाद गौतम | संचालक, |
| श्री हरि प्रसाद पराजुली | संचालक, |
| श्री श्रद्धा पराजुली | संचालक, |
| श्री सुदिप खड्का | स्वतन्त्र संचालक |
| श्री गोविन्द प्रसाद आत्रेय | नव नियुक्त संचालक |

**(आ) शेयरधनिहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री किरण मल्ल | शेयरधनी, संस्थापक समुह |
| श्री शालिकराम घिमिरे | शेयरधनी, संस्थापक समुह (विधुतीय माध्यमबाट) |
| श्री सुरेन्द्र कुँवर | शेयरधनी, संस्थापक समुह |
| श्री प्रतिमा शाह | शेयरधनी, संस्थापक समुह |
| श्री डम्वरु वल्लभ घिमिरे | शेयरधनी, सर्वसाधारण समुह |
| श्री शिव प्रसाद पौडेल | शेयरधनी, सर्वसाधारण समुह |

| | |
|---|---|
| श्री विनोद वज्राचार्य | शेयरधनी, सर्वसाधारण समुह |
| श्री शत्रुधन श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह |
| श्री मंजित खनाल | शेयरधनी, सर्वसाधारण समुह (विधुतीय माध्यमबाट) |

**(इ) पदाधिकारीको उपस्थिति :-**

| | |
|---|---|
| श्री गणेश जिरेल, प्रमुख कार्यकारी अधिकृत | युनियन हाइड्रोपावर लि. |
| श्री हरि वंश भण्डारी, कम्पनी सचिव | युनियन हाइड्रोपावर लि. |
| श्री निल बहादुर सारु मगर | लेखापरिक्षक (विधुतीय माध्यमबाट) |
| श्री प्रतिमा नेपाल | लक्ष्मी क्यापिटल मार्केट लि.,शेयर रजिष्ट्रार |

**(ई) शेयरधनीहरुको उपस्थिति :**

१. स्वंयम उपस्थिति १०१ जना (संस्थागत तथा सर्व-साधारण शेयरधनीको प्रतिनिधी समेत)
२. प्रतिनिधी तथा बिद्युतिय माध्यम Virtual (Zoom App.)द्वारा उपस्थित ३८६ जना ।

**(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

**साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्विकृत गर्ने सम्बन्धमा ।
२ लेखा परीक्षणको प्रतिवेदन सहित आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथी छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३ आ.व.२०८०/०८१ को लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४ कम्पनीका संचालक श्री तारानाथ सापकोटाज्युको राजिनामा स्वीकृत गरी नया संचालकको नियुक्ति सम्वन्धमा ।
५ विविध ।

**१. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | स्वय: उपस्थित शेयर कित्ता | Zoom बाट उपस्थीत | जम्मा उपस्थिति | शेयरकोअनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १५५०८५० | २३५८७३५ | ३९०९५८५ | ५२.१३ |

२. **सभाको वैधानिकता:**

वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा भौतिक रुपमा उपस्थित शेयरधनीहरु तथा प्रविधिको प्रयोग गरी (Zoom App.)प्रयोग गरी उपस्थित हुन भएका शेयरधनिहरुबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामजी प्रसाद कोइरालाज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

३. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:**

विषय सूची अनुसार वार्षिक साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युले कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो ।

तत्पश्चात अध्यक्षज्युले सञ्चालक समितिका तर्फबाट आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्युबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०७९/०८० को आर्थिक विवरणमा (२०८० साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७९/०८० को नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह विवरण समेत) मा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरु महानुभावहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१ सुरेन्द्र कुँवर:-

नेपालमा रहेको आर्थिक विषम परिस्थितीका वावजुत पनि कम्पनीले आफ्नो उत्पादन तथा प्रशारण क्षमतामा कमी हुन नदिनका लागी सव स्टेशन निर्माण लगायतका कायृ गरी अगाडी वढी रहेको साथै कम्पनीको विविध विषमा सहज वनाउदै वार्षिक साधारण सभामा शेयरहोल्डरहरुको भौतिक उपस्थिती तथा प्रविधिको भर मग्दुर प्रयोगको माध्यमवाट वार्षिक साधारण सभा गर्न सफल हुनु भएको हुँदा संचालक समितिलाई धन्यवाद दिदै आगामी वार्षिक साधारण सभा पनि यसै गरी निधारित समयमा गर्नका लागी पहल गर्न कर्मचारी तथा संचालक समितिलाई अनुरोध गदर्छु । साथै यस कम्पनीले राम्रो गरी छोटो समयमा शेयरहोल्डरहरुलाई वोनस दिन सफल होस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु ।

२ डम्वरु वल्लभ घिमिरे:-

यस वार्षिक साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा यस सधाका अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी वार्षिक साधारण सभामा वोनस दिनन सक्ने गरी काम गरी रहेकोमा धन्यवाद दिन चाहान्छु । वार्षिक साधारण सभा समयमा गर्न सफल हुन भएकोमा थप धन्यवाद दिन चाहान्छु । नयाँ आयोजनाको काम अगाडी वढाई सोवाट हुने आम्दानीवाट शेयरहोल्डरहरुलाई चाडो वोनस दिने प्रयासमा लाग्नुका भएकोमा संचालक समितिलाई शुभकामना व्यक्त गर्न चाहान्छु ।

३ उत्तम पाठक :-

यस कम्पनीको १७ औं वार्षिक साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा सभाअध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै कम्पनीको स्तर उन्नतीको लागी संचालक समितिले अन्य दुई आयोजनामा लगानी गरी काम गरी रहेकोमा धन्यवाद दिने र आयोजना रहेको स्थानमा रहेको खाली जग्गा कम्पनीको आर्थिक उन्नतीको लागी प्रयोग गरीयोस् । आगामी वार्षिक साधारण सभामा यस परियोजनाको कामको सव्य दृस्य क्लिप निर्माण गरी देखाइयोस ।

३ **<u>संचालक समितिका अध्यक्षज्युको जवाफ :</u>**

यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले मन्तव्य राख्ने कममा राखेका जिज्ञाशाहरुलाई स्पष्ट गरीदिनका लागी सचालक अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युलाई आग्रह गरीयो ।

अध्यक्ष श्री रामजि प्रसाद कोइराला :-

यस कम्पनीको १७ औ वार्षिक साधारण सभामा भौतिक तथा प्रविधिको प्रयोग गरी virtual (Zoom App) उपस्थित हुनु भएको व्यहोरा सवैमा विधितै छ । यसरी यस कम्पनीको सत्रौ वार्षिक साधारण सभा सवै शेयरधनि महानुभावको भौतिक तथा प्रविधको माध्यमवाट उपस्थितीमा वार्षिक साधारण सभा यस कम्पनीका शेयरधनि माहानुभावहरुलाई स्वागत गरी साधारण सभा गर्न सफल भएकोमा सवैले धन्यवाद दिनु भएकोमा यस कम्पनीको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट समेत सवै शेयरधनि महानुभावमा हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस कम्पनीको सम्वन्धमा शेयरधनि महानुभावले राख्नु भएका जिज्ञासाको सम्वन्धमा पहिलो

जिज्ञासाको सम्वन्धमा यस कम्पनीले कम्पनीको शेयरधनिको हितलाई ध्यानमा राखी छिटो भन्दा छिटो समेत अन्य परियोजनाको काम सुरु गरी उक्त आयोजनावाट थप आयआर्जनको लागी प्रयास रत रहेको अवस्थामा छौ । साथै यस्तो विसम परिस्थतीमा पनि आफ्नो समय तथा प्रविधिको प्रयोग गरी सहभागी भई कम्पनीको सम्वन्धमा सुझाव तथा जिज्ञासा राख्नुहुने सवैमा उच्च आदर सम्मानका साथ सवैलाई धन्यवाद दिन चाहान्छु।

४. <u>प्रस्ताव तथा निर्णयहरु:</u>

**विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गऱ्यो:**

(१) सञ्चालक समितिका अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्यूले वार्षिक साधारण सभाको हलमा प्रस्तुत गर्नुभएको आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल भै त्यस उपर उठेका सुझाव एवं जिज्ञासाहरु सम्बन्धमा अध्यक्षज्युबाट स्पष्ट पारी सकिएको हुँदा उक्त प्रतिवेदन पारित गरियोस् भनी सभा समक्ष पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरीयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्तको सम्मको वासलात र आ.व.२०७९/०८० को नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाह बिवरण सहितको आर्थिक बिवरणहरु वार्षिक साधारण सभाको विषय सूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासलात, नाफा,नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सहितको आ.व.२०७९/०८० को आर्थिक विवरण उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकाले उक्त आर्थिक प्रतिवेदन पारितको लागी कम्पनीको तर्फवाट कम्पनी सचिवबाट सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा सभाबाट उक्त आर्थिक बिवरणहरु सहितको लेखा परिक्षण प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

(३) कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम संचालक समितिवाट लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै संचालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८०/०८१ को हिसाब किताव लेखापरीक्षण गर्न लेखापरीक्षक श्री युवराज एण्ड एसोसियट्स,चार्टड एकाउण्टेन्ट्स (Yuvraj & Associates, Chartered Accountants ) सस्थालाई नियुक्त गरीयोस भनि कम्पनीको तर्फवाट सञ्चालक अध्यक्ष श्री रामजि प्रसाद कोइरालाज्युले सभा समक्ष प्रस्तुत गर्नु भएको प्रस्ताव सर्व-सम्वत रुपमा पारित गरियो । र निज लेखापरीक्षक श्री युवराज एण्ड एसोसियट्स,चार्टड एकाउण्टेन्ट्स (Yuvraj & Associates, Chartered Accountants )लाई नियुक्त गरी लेखापरीक्षण शुल्क ( पारिश्रमिक) संचालक समितिले तोके वमोजिम हुने गरी निर्णय समेत गरीयो ।

४) कम्पनीको सस्थापक समुहका संचालक श्री तारानाथ सापकोटाज्युले आफ्नो कार्य व्यस्थता देखाई संचालक पदमा रही कार्य गर्न नभ्याउने भनि कम्पनीको संचालक पदवाट राजिनामा दिनु भएकाले निजको राजिनामा स्वीकृत गरी उक्त खाली रहेको संचालक पदमा पदपूर्तिको लागी संचालक समितिको निर्णयले तोकीएको निर्वाचन समितिले दिएको जानकारी अनुसार यस कम्पनीको सस्थापक समहुको १ संचालक पदमा एकल उमेदवारी परी उहा सर्व सम्वत रुपमा निर्वाचित हुनु भएको भनि दिनुभएको जानकारीलाई साधारण सभावाट अनुमोदन गरीएकाले सोही वमोजिम अभिलेखको लागी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरीयो ।

५) विविध ।

यस कम्पनीको मातहतमा रही काम कार्यवाही अगाडी वढेका २ परियोजनाहरु मध्ये होङगु खोला जलविद्युत आयोजनाको विकास गर्नका लागी यसै कम्पनीवाट मात्र सम्भव नहुने भएको अवस्थालाई ध्यानमा राखी यस कम्पनीको ५१ प्रतिशत शेयर कायम हुने गरी नयाँ कम्पनी मार्फत परियोजनाको विकास तथा संचालन गर्नका लागी हाल बहाल रहेको संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव साधारण सभावाट अनुमोदन गरीयो । माथिल्लो तमोर ए जलविद्युत परियोजनाको विकासका लागी समेत आवश्यक पहल गरी काम कार्यवाही अगाडी वढाउन समेत संचालक समितिलाई नै अख्तियारी दिने गरी पेश भएको प्रस्ताव समेत सर्वसम्वत्रुपमा परित गरीयो । साथै साधारण सभा समापन गरी दिनका लागी अध्यक्षज्युलाई अनुरोध गर्ने र माइन्युट प्रमाणित गर्नका लागी कम्पनी अध्यक्ष श्री रामजि प्रसाद कोइरालज्यु र कम्पनी सचिवलाई अख्तियारी दिने निर्णय समेत गरीयो ।

५. <u>वार्षिक साधारण सभाको समापन:</u>

कम्पनी सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले शेयरधनी महानुभावहरले दिनु भएका रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा सवैमा धन्यवाद दिंदै शेयरधनीको सल्लाह

र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सवै संचालक शेयरधनि महानुभाव तथा कर्मचारीहरु सवैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गरीयो ।

(हरिवंश भण्डारी )
कम्पनी सचिव

रामजि प्रसाद कोइराला
अध्यक्ष